नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
(प्रशासन शाखा)

फोन नं.: ०१४४११३५३
०१४४२१२८३
०१४४२१२८६
फ्याक्स नं.: ०१४४१४६८८
ई-मेल:
admin@postalservice.gov.np
nepalpost.hulak@gmail.com
डिल्लीबजार, काठमाण्डौं, नेपाल

पत्र संख्या:- क.प्र.१.१-०७५/७६
च.नं.:- २१८३

मिति २०७६/०३/२२

**विषय: परिपत्र ।**

गोश्वारा हुलाक
द. नं. ३५६८
मिति ०७६/३/२५

श्री गोश्वारा हुलाक कार्यालय, सुन्धारा ।
श्री हुलाक प्रशिक्षण केन्द्र, बबरमहल ।
श्री केन्द्रीय धनादेश कार्यालय, बबरमहल ।
श्री फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय, सुन्धारा ।
श्री हुलाक निर्देशनालय, बिराटनगर ।
श्री हुलाक निर्देशनालय, पोखरा ।
श्री हुलाक निर्देशनालय, सुर्खेत ।
श्री हुलाक निर्देशनालय, डोटी ।
श्री जिल्ला हुलाक कार्यालय ७० (सबै) ।

उपर्युक्त विषयमा श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.सं. ०७५/७६ च.नं. कप्र११-१६१९ मिति २०७६/०३/१९ को पत्रसाथ प्राप्त निजामती किताबखानाको पत्र संख्या ०७५/७६, चलानी नं. १८२, मिति २०७६/०३/११ को सम्पत्ति विवरण दर्ता सम्बन्धमा विषयक पत्रको छाँयाप्रति यसै पत्रसाथ संलग्न राखि आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(भावना पोखरेल)
शाखा अधिकृत

इ.ए. प्रशासन शाखा



Scanned by CamScanner

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# निजामती किताबखाना

पत्र संख्या: ०७५/७६

चलानी नं. १६२

मिति २०७६।०३।११

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय: सम्पत्ति विवरण दर्ता सम्बन्धमा ।

उपर्युक्त विषयमा आ.व. समाप्त भएको मितिले ६० दिनभित्र सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारीहरुले सम्पत्ति विवरण बुझाउनुपर्ने विद्यमान ऐन, नियममा व्यवस्था भएको व्यहोरा सर्वविदितै छ । आ.व. ०७५/७६ को सम्पत्ति विवरण यही २०७६ साल साउन १ गते देखि ऐ. भदौ २८ (सम्पत्ति विवरण बुझाउने अन्तिम दिन २०७६ साल भदौ २८ गते शनिवार परेको हुँदा सो दिन समेत निजामती किताबखाना सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनको लागि खुला रहने छ) सम्म यस विभागमा दर्ता गरिसक्नु पर्ने व्यहोरा स्मरणार्थ अनुरोध छ । निजामती किताबखानाबाट आ.व. २०७४/७५ को राष्ट्रसेवक कर्मचारीहरुको सम्पत्ति विवरण दर्ता गर्ने क्रममा कतिपय कर्मचारीहरुले खाम वाहिर अनिवार्यरुपमा खुलाउनुपर्ने कर्मचारी संकेत नं., नाम, पद, दर्जा, सेवा/समुह, श्रेणी/तह, कार्यरत कार्यालय, आर्थिक वर्ष जस्ता व्यहोराहरु नलेख्ने तथा अधुरो रुपमा लेख्ने गरेको पाइयो । यसैगरी कर्मचारी संकेत नं. उल्लेख गर्दा कर्मचारी संकेत नं. (सिटरोल दर्ता नं.) को सट्टामा कर्मचारी संचयकोष एवं नागरिक लगानी कोषको परिचयपत्र नं. जस्ता अन्य नम्वरहरु उल्लेख गरी पठाउँदा सम्पत्ति विवरण पठाउने कर्मचारीको सही पहिचान हुन नसकी दर्ता गर्ने कार्यमा वाधा पर्न जाने र त्यसको सजायको भागी अन्ततः सम्वन्धित कर्मचारी नै हुन जाने अवस्था सिर्जना हुन गएको छ । यस किसिमको समस्या मुख्यतः नयाँ र पुराना श्रेणी विहिन कर्मचारीहरु (सवारी चालक, कार्यालय सहयोगी) तथा नेपाल स्वास्थ्य सेवा र नेपाल वन सेवाका सहायक स्तरका कर्मचारीहरुमा वढी देखिएको छ ।

सम्पत्ति विवरण समयमा पठाउँदा पठाउँदै पनि खाम वाहिर आफ्नो विवरण स्पष्ट नलेखिदिँदा कर्मचारीहरुको सम्पत्ति विवरण दर्ता नहुने एवं सम्वन्धित कर्मचारी दण्ड सजायको भागी समेत हुन पर्ने अवस्था श्रृजना हुन सक्ने भएकोले आ.व. २०७५/७६ को सम्पत्ति विवरण भरी पठाउनु अघि निजामती किताबखानाले सम्पत्ति विवरण भर्ने विषयमा प्रकाशन गरेको सार्वजनिक सूचना एवं विभागको Website: www.pis.gov.np मा प्रकाशन भएको सूचना राम्ररी अध्ययन गरी आफ्नो सम्पत्ति विवरण समयमै निर्धारित ढाँचामा किताबखानामा अनिवार्य रुपमा दाखिला हुने गरी पठाउने व्यवस्थाको लागि आफू मातहतका सबै निकायमा परिपत्र गरिदिनुहुनका साथै विभिन्न गोष्ठी, सेमिनार, तालिम, कर्मचारी बैठक जस्ता कार्यक्रममा समेत यस सम्बन्धी जानकारी प्रवाह गरी सम्पत्ति विवरण दर्ता गर्न पठाउने सबै कर्मचारीको सम्पत्ति विवरण समयमा नै दर्ता गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

तपसिल

| आ.ब. २०७५।७६ को सम्पत्ति विवरण | |
|---|---|
| क. कर्मचारीको संकेत नं.: | ङ. श्रेणी/तह: |
| ख. नाम, थर: | च. कार्यरत कार्यालय: |
| ग. पद/दर्जा: | छ. मोवाइल नं.: |
| घ. सेवा/समूह: | ज. ई-मेल ठेगाना: |

(गीता कुमारी होमेगाई)
महानिर्देशक



Scanned by CamScanner